आज मिति २०८० फागुन ३० गतेका दिन बेसीशहर नगरपालिका नगर कार्यपालिकाका नगरप्रमुख श्री गुमानसिंह अर्यालको अध्यक्षतामा बसेको कार्यपालिकाको ३२ (बत्तिसौं) औं बैठकको उपस्थिति र निर्णय निम्नानुसार छ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | - | श्री गुमानसिंह अर्याल |
| उप-प्रमुख | - | श्री पदमा गुरुङ |
| प्रमुख प्रशासकीय अधिकृत | | श्री चेतनाथ अर्याल |
| वडा अध्यक्ष, वडा नं. | १ | श्री दुर्गा बहादुर बुढाथोकी |
| " " " " | २ | श्री मदन बहादुर राना |
| " " " " | ३ | श्री चित्र बहादुर दनाई |
| " " " " | ४ | श्री राम बहादुर गुरुङ |
| " " " " | ५ | श्री इन्द्र बहादुर गुरुङ |
| " " " " | ६ | श्री प्रकाश थापा |
| " " " " | ७ | श्री ऋषिराम बस्नेत |
| " " " " | ८ | श्री पवित्रा थापा राना |
| " " " " | ९ | श्री खुसिभंग गुरुङ |
| " " " " | १० | श्री गंगा बहादुर थापा |
| " " " " | ११ | श्री शिव प्रसाद जोशी |
| कार्यपालिका सदस्य | | श्री हिरालाल विश्वकर्मा |
| " " | | श्री कल्पना थापा बोहरा |
| " " | | श्री विमला न्यौपाने अधिकारी |
| " " | | श्री सुकमाया गुरुङ |
| " " | | श्री सुकमाया घर्ती |
| " " | | श्री मनिता परियार |
| " " | | श्री श्रीनाथ दुलाल |

सहजकर्ता कर्मचारीको उपस्थिति

प्रशासन / योजना शाखा प्रमुख - श्री शम्भु प्रसाद घिमिरे
सामाजिक विकास शाखा प्रमुख - श्री मेघेन्द्र पोखरेल

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/११/३०गतेको बैठक

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**
**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

**नगर कार्यपालिकाको मिति २०८०/११/३० गतेको बैठकका प्रस्तावहरु**

१. अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. लागत साझेदारीतर्फको सडक कालोपत्रे योजना सम्बन्धमा ।
३. युवा सीपमूलक कार्यक्रम सञ्चालन सम्बन्धमा ।
४. चालु आ.व.को स्वास्थ्यतर्फको कार्यक्रम सम्बन्धमा ।
५. सामाजिक समितिको बैठकको निर्णय सम्बन्धमा ।
६. राजश्व परामर्श समितिको बैठकको निर्णय सम्बन्धमा ।
७. युवा परिषद्को बैठकको निर्णय सम्बन्धमा ।
८. बालबालिका लक्षित कार्यक्रमको सम्बन्धमा ।
९. योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा ।(वडा नं १,२,३,५,७,८,९ र ११)
१०. पशु विमा प्रिमियम अनुदानको लागि अपुग रकम सम्बन्धमा ।
११. क्षमता विकास योजना निर्माण सम्बन्धमा ।
१२. जनप्रतिनिधि तथा कर्मचारीहरुको तालिम सम्बन्धमा ।
१३. औद्योगिक ग्रामको आइ. इ. ई. गराउने सम्बन्धमा ।
१४. खेलकुँद तर्फको बजेट सम्बन्धमा ।
१५. बार्षिक परीक्षा सञ्चालन सम्बन्धमा ।
१६. विविध

- गरीवसंग विश्वेश्वर कार्यक्रमको सम्बन्धमा ।
- घ वर्गको निर्माण व्यवसायी इजाजत सम्बन्धमा ।
- अन्तरपालिका समन्वय बैठकको जानकारी सम्बन्धमा ।
- बालमैत्री स्थानीय शासन सम्पर्क शाखा/व्यक्ति तोक्ने सम्बन्धमा ।
- अध्ययन विदा सम्बन्धमा ।
- सिसी क्यामरा मर्मत सम्बन्धमा ।
- विपदमा युवा कार्यक्रम सम्बन्धमा ।
- कार्यपालिका बैठक सम्बन्धमा ।

**गुमान सिंह अर्याल**
**नगर प्रमुख**

बेसीशहर नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेसीशहर, लमजुङ गण्डकी प्रदेश, नेपाल

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/११/३०गतेको बैठक

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं १ : अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।**

मिति २०८०/१०/०९ गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको प्रगति अवस्था बारे यस बैठकमा समीक्षा गरियो ।

**निर्णय नं २ : लागत साझेदारीतर्फको सडक कालोपत्रे योजना सम्बन्धमा ।**

मिति २०८०/१०/१७ गतेको कार्यपालिका बैठकको निर्णय नं ५ (१) मा लागत साझेदारीतर्फको सडक कालोपत्रे योजनाको लागत इष्टिमेट हुँदाको त्रुटीलाई सच्याई देहाय अनुसार संशोधन गर्ने निर्णय गरियो ।

देहायः

| क्र. सं | आयोजनाको नाम | वडा नं | कुल लागत इष्टिमेट | विनियोजित रकम रु. (कन्टिन्जेन्सी सहित) |
|---|---|---|---|---|
| १ | दुवारे गाउँ जाने बाटो स्तरोन्नति | ७ | २२९५६६७ | १३९०९७१(तेह्र लाख नब्बे हजार नौ सय एकहत्तर मात्र) |

**निर्णय नं ३ : युवा सीपमूलक कार्यक्रम सञ्चालन सम्बन्धमा ।**

चालु आ.व. २०८०/८१ को युवा सीपमूलक कार्यक्रमको सम्बन्धमा मिति २०८०/०८/२७ को कार्यपालिका बैठकको निर्णय नं ४ अनुसार कार्यालयबाट प्रकाशित सूचना वमोजिम सीपमूलक तालिम लिन आवेदन दिने इच्छुक व्यक्तिहरु र सूचीकृत भएका सेवा प्रदायकहरुको सम्बन्धमा देहाय अनुसार हुने गरी सीपमूलक तालिम सञ्चालन गर्ने निर्णय गरियो ।

(क) सूचना वमोजिम एडभान्स तथा आधारभूत तालिमको लागि निवेदन पेश गर्ने आवेदकहरुमध्येबाट तोकिए वमोजिमको संख्यामा योग्य व्यक्तिहरु छनौट गर्ने जिम्मेवारी उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई दिने र वडाध्यक्षहरुको समेत राय सल्लाह लिने ।

(ख) सीपमूलक तालिम सञ्चालन सम्बन्धमा देहाय अनुसार गर्नेः

१.ब्युटीसियन तालिम प्रदान गर्नको लागि सूचीकृत भएकाहरुमध्येबाट लेभल २ उतिर्ण गरेका देहायका प्रशिक्षक तथा फर्म छनौट गर्ने ।

१.१ ब्युटिसियन एडभान्स तालिमः

छनौट भएको सेवा प्रदायक व्यक्ति/संस्थाः श्री तिर्थकुमारी घले, एन्जिला ब्युटीपार्लर प्रशिक्षण केन्द्र बेनपा -७

तालिम अवधीः ३ महिना, कुल सहभागी संख्याः १५ जना, प्रति सहभागी दर रु.२५०००।-

१.२ ब्युटिसियन आधारभूत तालिमः

छनौट भएको सेवा प्रदायक व्यक्ति/संस्थाः श्री बिसु श्रेष्ठ, न्यू लुक ब्युटीपार्लर बेनपा-८

तालिम अवधीः ३ महिना, कुल सहभागी संख्याः २० जना, प्रति सहभागी दर रु. १५०००।-

गुमान सिंह अर्याल
नगर प्रमुख

२. सिलाई कटाई एडभान्स तालिमः
छनौट भएको सेवा प्रदायक व्यक्ति/संस्थाः श्री रोशनी श्रेष्ठ, लमजुङ टेलरिङ एण्ड प्रशिक्षण केन्द्रका बेनपा ८ (सूचीकृत भएकाहरुमध्येबाट प्रशिक्षण केन्द्रको हल भएको र गत वर्ष प्रशिक्षण दिने अवसर नपाएको हुँदा) प्रशिक्षकलाई ३ महिनाको लागि मासिक रु.३५०००/- का दरले करार सेवामा नियुक्त गर्ने र अन्य लागत प्र.प.अ. बाट स्वीकृत प्रस्तावना वमोजिम हुने ।
३. हलुका सवारी चालक १ महिने तालिमः
३.१.छनौट भएको सेवा प्रदायक व्यक्ति/संस्थाः प्रज्ज्वल विक,लमजुङ कालिका ड्राईभिङ इन्स्टिच्युट बेनपा- ८ र रिता गुरुङ मदरल्याण्ड ड्राईभिङ ट्रेनिङ सेन्टर बेनपा-७
३.२ प्रति सहभागी दर रु.१५०००।- तोक्ने ।
३.३ साथै यस तालिममा निवेदन अत्याधिक परेको कारण बजेट समेतलाई विचार गरी अधिधतम ५० जनासम्म सहभागी छनौट गरी दुवै सेवाप्रदायकलाई २५/२५ जना सहभागी उपलब्ध गराउने ।
४.इलेक्ट्रिसियन तालिमको लागि बेनपा ११ स्थित राजेश श्रेष्ठलाई जिम्मेवारी दिने र प्र.प.अ.बाट स्वीकृत प्रस्तावनाको आधारमा सञ्चालन गर्ने ।
५. कुकिङ तालिमको लागि सूचीकृत हुन नआएको कारण प्रशिक्षक खोजी प्रस्तावनाको आधारमा तालिम सञ्चालन गर्ने ।
६.प्लम्बिङ तालिममा निवेदन कम परेको कारण हाललाई उक्त तालिम स्थगन गर्ने ।

<u>निर्णय नं ४ : चालु आ.व.को स्वास्थ्यतर्फको कार्यक्रम सम्बन्धमा ।</u>
चालु आ.व. २०८०/८१ को नगरपालिका तर्फ विनियोजित बजेटवाट छनौट भएका स्वास्थ्य तथा पोषणतर्फका कार्यक्रमहरु मध्ये देहाय वमोजिमका कार्यक्रमहरु देहाय वमोजिम कार्यान्वयनमा लैजाने निर्णय गरियो ।
देहाय
(क) प्रदेश समानीकरणतर्फ जेष्ठ नागरिक घरदैलो स्वास्थ्य परिक्षण कार्यक्रम(जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति,अशक्त दिर्घ रोगी प्रभावित व्यक्तिहरुको लागि चौमासिक रुपमा) कार्यक्रम शिर्षकमा विनियोजित ३०००००।-( तिन लाख) मध्येवाट जेष्ठ नागरिक निःशुल्क स्वास्थ्य परीक्षण कार्यक्रम संचालन गर्ने सो अन्तरगत हिंडडुल गर्न नसक्ने खालका दीर्घरोगी, अपांगता भएका र ७५ वर्ष भन्दा माथिका जेष्ठ नागरिकहरुको स्वास्थ्य जाँच कार्यमा वडा कार्यालयहरुसँग समन्वय गरी सञ्चालन गर्ने । एक जना व्यक्तिको स्वास्थ्य परीक्षण गरे वापत २ जना स्वास्थ्यकर्मीहरुले जनही रु ५०/५० रुपैयाका दरले यातयात खर्च पाउने ।
(ख) प्रदेश समानीकरणतर्फ नै महिला स्वास्थ्य स्वयंसेविकाहरुको लागि प्रति व्यक्ति मासिक रु १०००।-(एक हजार) का दरले यातयात खर्च र मासिक रु १००।-(अक्षरुपी एक सय रुपैया ) मात्र संचार खर्च उपलब्ध गर्ने कार्यक्रम तर्फ विनियोजित वजेट रु ७१०००।-(सत्र लाख एक हजार) मध्येवाट महिला सामुदायिक स्वास्थ्य स्वयम सेविकाहरुलाई मासिक रु १०००।-(एक हजार) का दरले

गुमान सिंह अर्याल
नगर प्रमुख

यातयात खर्च उपलब्ध गराउने र बाँकी वजेटवाट प्रति व्यक्ति रु १००।-(अक्षरपी एक सय रुपैया) का दरले प्रति महिनाको संचार खर्च उपलब्ध गराउने ।

(ग)आन्तरिक आयतर्फको प्रजनन स्वास्थ्य सम्वन्धी शिविर सञ्चालन कार्यक्रम(गैसस तथा अन्य संघसंस्थाहरुसंग समन्वय गरी) कार्यक्रम तर्फ विनियोजित वजेट रु ५०००००।-(पाच लाख) मध्येवाट महिलाहरुको स्वास्थ्य समस्यालाई केन्द्रित गरी स्वास्थ्य शिविरहरु संचालन गर्ने सो को विस्तृत कार्यक्रम स्वास्थ्य शाखाले तयार गरी संचालन गर्ने ।

(घ) आन्तरिक आयतर्फ आधारभुत र आकास्मिक स्वास्थ्य सेवाका लागि औषधी खरिद कार्यक्रम तर्फको रु १५०००००।-(पन्ध्र लाख) मध्येवाट रु १००००००।-(दश लाख) चालु आ.व.२०८०/८१ मा इ विडिङद्धारा औषधी तथा सर्जिकल सामाग्री खरिद गरेको दररेटमा औषधी तथा सर्जिकल सामाग्री खरिद गर्ने ।

**निर्णय नं ५ : सामाजिक समितिको बैठकको निर्णय सम्बन्धमा ।**

मिति २०८०/११/१४ गते बसेको सामाजिक विकास समितिको बैठकका निर्णयहरु अनुमोदन गर्ने साथै सो समितिको सिफारिश समेतका आधारमा देहायका कार्यक्रमहरु सञ्चालन गर्ने निर्णय गरियो ।

(क) जेष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालन शिर्षकमा विनियोजित बजेट रु.१ लाख ५० हजार मध्येबाट दिवा सेवा केन्द्र सञ्चालन भएका देहायका स्थानमा सहयोग गर्ने ।

१. दिवा सेवा केन्द्र सञ्चालन सहयोग (चियाखाजा, तथा विभिन्न सामाग्री खरिद समेत), बेनपा २ भकुण्डे रु. ५० हजार ।
२. दिवा सेवा केन्द्र सञ्चालन सहयोग (चियाखाजा, तथा विभिन्न सामाग्री खरिद समेत), बेनपा ११ चिती तिलाहार रु. ५० हजार ।

(ख) चालु आ.व. २०८०/८१ को जेष्ठ नागरिक सम्मान कार्यक्रममा विनियोजित रकम रु. ३ लाखबाट जेष्ठ नागरिक मञ्चका पदाधिकारी तथा सदस्यहरुलाई धार्मिक स्थलहरुको अवलोकन भ्रमणमा लैजाने ।

(ग)बेसीशहर नगरपालिकाको जेष्ठ नागरिक मञ्च गठन तथा सञ्चालन कार्यविधि २०८० वमोजिम २०८० चैत मसान्त भित्र वडास्तीय जेष्ठ नागरिक मञ्च गठन गरिसक्ने साथै वडाहरुको गठन प्रकृया सम्पन्न भए पश्चात नगरपालिकास्तरीय जेष्ठ नागरिक मञ्च २०८१ वैशाख १५ गते भित्र गठन गर्ने ।

**निर्णय नं ६ : राजश्व परामर्श समितिको बैठकको निर्णय सम्बन्धमा ।**

मिति २०८०/११/ ९ मा बसेको राजश्व परामर्श समितिको बैठकले गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/११/३०गतेको बैठक

निर्णय नं ७ : युवा परिषद्को बैठकको निर्णय र कार्यक्रम सम्बन्धमा ।

मिति २०८०/११/२२ को नगर युवा परिषदको बैठकको निर्णय समेतका आधारमा नगर युवा परिषद् मार्फत कार्यान्वयन हुने गरी देहायका कार्यक्रमहरुको लागि देहाय बमोजिमको बजेट चालुतर्फको विविध कार्यक्रम खर्च शिर्षकबाट व्यहोर्ने निर्णय गरियो ।

देहाय:

क.युवाले चाहेको बेसीशहर बारेको १ दिने सुझाव संकलन गोष्ठी रु.५००००।-

ख.इन्टरनेट साइबर सुरक्षा सम्बन्धी १ दिने कार्यक्रम रु.३००००।-

ग. सकारात्मक सोच र तनाब व्यवस्थापन २ दिने कार्यक्रम रु. ५००००।-

घ. नगर युवा परिषदको बैठक सञ्चालन तथा व्यवस्थापन खर्च रु. १५००००।-

निर्णय नं ८ : बालबालिका लक्षित कार्यक्रमको सम्बन्धमा ।

नगरपालिकाका ४ वटा वडालाई चालु आ.व.मा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्ने लक्ष्य बमोजिम चालु आ.व.२०८०/८१ को बालबालिका लक्षित कार्यक्रम अन्तर्गत हाललाई देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

देहाय

| साविक कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| १.१ बालभेलाबाट आएका कार्यक्रम कार्यान्वयन<br>१.२ बाल संरक्षण (कठिन परिस्थितिका बाल बालिकाहरुलाई सहयोग तथा सहायता कार्यक्रम समेत) | ३०००००<br>२००००० | १.बालमैत्री स्थानीय शासन सम्बन्धी समुदायस्तरीय अभिमुखीकरण, विभिन्न भेला, बैठक, समुह परिचालन, सहजीकरण तथा खाजा खर्च वडा नं ११, ४, ५ र ९ | ५००००० |

निर्णय नं ९ : वडास्तरीय योजना/कार्यक्रम ब्रेक डाउन सम्बन्धमा ।

चालु आ.व. २०८०/०८१ का देहायका वडास्तरीय योजना तथा कार्यक्रमलाई देहाय अनुसार ब्रेक डाउन/संशोधन गर्ने निर्णय गरियो ।

देहाय

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| १.फुटकर तथा विविध कार्यक्रम, बेनपा-३ | १०००००<br>० | १.१चण्डी-काउलेपानी नाला सरसफाई तथा ग्राभेल बेनपा-३<br>१.२लिस्नु सहित्यिक मञ्च सहयोग<br>१.३ अन्नपूर्ण मावि बेनपा ५ सहयोग | ७५०००<br>१००००<br>१०००० |
| २.खेलकुँद कार्यक्रम सञ्चालन, बेनपा-३ | १००००० | १.१ मेयरकप खेलाडी खाजा, पोशाक,यातायात र सामाग्री खर्च बेनपा ३ | ७०००० |

मान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेसीशहर, लमजुङ गण्डकी प्रदेश, नेपाल २०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/११/३०गतेको बैठक

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| | | १.रतिलबारी फुटबल खेलमैदान स्तरोन्नति, बेनपा-३ | ३०००० |
| ३.विपद् व्यवस्थापन/राहत उद्दार प्रतिकार्य लगायत, बेनपा-५ | २००००० | २.अग्नीनाशक यन्त्र खरिद,अस्थायी प्रहरी पोष्ट गाउँशहर | ५००० |
| ४.विविध कार्यक्रम खर्च, बेनपा-५ | ३९२००० | ४. महिला सञ्जाल नाल्मा कार्यक्रम खाजा खर्च, बेनपा-५ | १३००० |
| ५.५०% अनुदानमा मकैको वीउ वितरण, बेनपा-५ | ५०००० | ५. ५०% अनुदानमा तरकारीको वीउ वितरण, बेनपा-५ | १५००० |
| ६.फुटकर योजना तथा कार्यक्रम, बेनपा-७ | ३२९००० | ६.१वडा कार्यालयमा फर्निचर व्यवस्थापन, बेनपा ७<br>६.२वडा कार्यालयमा इन्भटर, एसी मर्मत तथा विद्युत/सोलार जडान, बेनपा ७<br>६.३अखिल नेपाल महिला संघ खाजा कार्यक्रम खाजा खर्च, बेनपा ७<br>६.४ बस्नेत समाज भवन कम्पाउण्ड मर्मत ज्याला | १२३५००<br>४५०००<br>५०००<br>४१०० |
| ७. मनाङेचौतारा-पुमाखोला रेलिङ, बेनपा-७ | ५००००० | ७.१मनाङेचौतारा-पुमाखोला रेलिङ, बेनपा७<br>७.२घुर्लाधारो प्रतिक्षालयको बेस निर्माण, बेनपा७ | ४०००००<br>१००००० |
| ८.लक्षित वर्ग तथा विविध कार्यक्रम, बेनपा ९ | ५००००० | ८.१ स्टेचर तथा स्वास्थ्य सामाग्री खरिद (१० टोलका लागि), बेनपा ९<br>८.२ वडा कार्यालयमा थ्रि फेज लाइन जडान, बेनपा ९<br>८.३ सन्यासीडाँडा शिव मन्दिर सामाग्री खरिद, बेनपा ९<br>८.४ दिहीथोक गाउँ कालिका मन्दिर मर्मत, बेनपा ९<br>८.५ पोखरीटोल भवन घरमाथि पहिरो रोकथाम(प्रम रोजगार कार्यक्रमसंग साझेदारी) बेनपा ९ | १०००००<br>३५०००<br>४००००<br>३००००<br>१००००० |
| ९.कृषि तथा पशुसेवा कार्यक्रम ( सीपमूलक तालिम सामग्री खरिद लगायत) बेनपा ९ | २००००० | ९.१ ८०% अनुदानमा युरिया मल वितरण (५००० केजी) बेनपा ९<br>९.२ श्री चन्द्र सूर्य महिला सञ्जाल | १३०००० |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/११/३०गतेको बैठक

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| | | सहयोग<br>९.३ सरस्वती बाल विकास केन्द्र का बालबालिकाहरुलाई खाजा तथा सामाग्री खरिद, बेनपा ९ पाखाथोक | ७०००<br>२५००० |
| १०.सीपमूलक तालिम, बेनपा ९ | ३००००० | १०.१लोकसेवा तयारी कक्षा सञ्चालन बेनपा ९<br>१०.२बेसिक कम्प्युटर तालिम सञ्चालन(एसइइ दिने विद्यार्थीहरुका लागि) बेनपा ९ | १०००००<br>२००००० |
| ११.विविध कार्यक्रम, बेनपा ११ | ५००००० | ११.१ तिलाहार बजार सरसफाई तथा फोहर व्यवस्थापन, बेनपा ११<br>११.२चिती युवा क्लव खेलकुँद, बेनपा ११<br>११.३ वडा कार्यालय इन्टरनेट तथा सडक बत्ती महशुल भुक्तानी, बेनपा ११ | ६०००<br>३५०००<br>४४००० |
| १२.गैही स्वाँरादेखि तिलाहारसम्म गोरेटो बाटो मर्मत, बेनपा ११ | २००००० | १२.१लोकराज मा.वि.देखि शम्भु बहादुर जोशीको घरसम्मको गो.बा मर्मत, बेनपा ११<br>१२.२मेन्धु आमा समूह भाँडाकुँडा खरिद, बेनपा ११, रामचोकबेसी<br>१२.३ थापाडाँडा शिवमन्दिर मर्मत सम्भार, बेनपा ११<br>१२.४ फोहर व्यवस्थापन सम्बन्धी होडिङबोर्ड निर्माण, बेनपा ११ | १०००००<br>३५०००<br>५००००<br>१५००० |
| १३. जनकल्याण मा.वि खेलमैदान स्तरोन्नति, बेनपा ११ | १५०००० | १३. बस्नेतगाउँ मन्दिर पहिरो रोकथाम, बेनपा ११ | १५०००० |
| १४.फुटकर तथा विविध कार्यक्रम खर्च बेनपा१ | ४००००० | १४.१ सूचना सम्बाहकलाई ह्याण्ड माइक खरिद, बेनपा १<br>१४.२ त्रिवेणी युवा क्लव सहयोग<br>१४.३ डाँडागाउँ-नयाँगाउँ गोरेटो बाटो<br>१४.४ देवरुपा खड्काको घरमा खानेपानी व्यवस्थापन<br>१४.५लिस्नो साहित्यक मञ्च | १५०००<br>१००००<br>१००००<br>१००००<br>१०००० |
| १५.कालिका सामुदायिक वन समितिलाई दुना टपरी एवम् विना प्लाष्टिक झोला निर्माण मेसिन खरिद, बेनपा १ | ३००००० | १५. कालिकामाई मन्दिर अफिस निर्माण, बेनपा १ | ३००००० |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/११/३०गतेको बैठक

| साबिक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| १६.कृषि बीउबिजन बितरण/सीप विकास, बेनपा७ | १००००० | १६.१ मनाङे चौतारा नाला निर्माण, बेनपा ७<br>१६.२शिवालय मन्दिर मर्मत बेनपा ७ सहजी | ४००००<br>६०००० |
| १७.विद्यालय डिजिटल शिक्षण सिकाई प्रणाली व्यवस्थापन,पूर्वाधार सुधार तथा शिक्षक क्षमता अभिबृद्दि कार्यक्रम, बेनपा२ | ६००००० | १७.१ ल्यापटप,कम्प्युटर र प्रोजेक्टर सहयोग, बेनपा २<br>१७.२ जिल्लास्तरीय विज्ञान प्रदर्शनी<br>१७.३ बालकल्याण मावि र बाल विद्याश्रम प्रा.वि. बार्षिकोत्सव कार्यक्रम सहयोग<br>१७.४ शैक्षिक गुणस्तर योजना तर्जुमा<br>१७.५ वडा साहित्यक कार्यक्रम | ३०००००<br>१००००<br>३८०००<br>१०००००<br>१५००० |
| १८.कृषि पशु प्रवर्द्दन तथा आत्मनिर्भर अभियान कार्यक्रम, बेनपा २ | ५००००० | १८.१ विपन्न दलितको लागि बाख्रा अनुदान कार्यक्रम, बेनपा २<br>१८.२ मेजरटोल मगर सामुदायिक भवन जाने चोकसम्मको बाटो निर्माण, बेनपा २ | ५००००<br>१००००० |
| १९.युवा तथा खेलकुँद, बेनपा-२ | २७०००० | १९.१ वडा युवा परिषद गठन तथा सञ्चालन, बेनपा २<br>१९.२ त्रिवेणी कप सहयोग बेनपा २<br>१९.३ वडाध्यक्ष कप सञ्चालन<br>१९.४ मानव सेवा आश्रम सहयोग | ४००००<br>१००००<br>१५००००<br>२०००० |
| २०.वडा महिला, बालबालिका र सामाजिक समावेशीकरण, बेनपा-२ | ३६५००० | २०.१ वडा महिला सञ्जाल परिचालन, बेनपा-२<br>२०.२ वडा बाल सञ्जाल परिचालन र क्षमता अभिबृद्दि, बेनपा २<br>२०.३ वडा महिला सञ्जाल सिकाई अध्ययन भ्रमण बेनपा २<br>२०.४ महिला दिवसको लागि एप्रोन ज्याकेट खरिद, बेनपा २ | २३९४१<br>५००००<br>५००००<br>२०००० |
| २१. दलित लक्षित आर्थिक सशक्तिकरण र अन्य फुटकर कार्यक्रम, बेनपा-२ | ५००००० | २१.१ दलित लक्षित आर्थिक सशक्तिकरणको लागि बाख्रा वितरण अनुदान कार्यक्रम, बेनपा २<br>२१.२फुटकर कार्यक्रम, बेनपा २<br>२१.३ प्रहरी बिटको लागि फायर एक्स्टिङग्विसर खरिद | २५००००<br>३२८४८<br>११००० |

...मान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/११/३०गतेको बैठक

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| | | | |
| २२.वडाका आवश्यक ठाउँमा सडक मर्मत सम्भार, बेनपा-२ | २००००० | २२.१ खहरे खोला र न्याउली खोलामा पुल निर्माणमा थप, बेनपा२<br>२२.२वडा कार्यालय जाने बाटो र गाडी स्टयाण्ड टहरा निर्माण, बेनपा २<br>२२.३ भकुण्ड शहरी स्वास्थ्य केन्द्रको जग्गा पास खर्च, बेनपा २ | १०००००<br>४००००<br>२५००० |
| २३.बुढाथोकी गाउँ मोटरबाटो ट्र्याक, बेनपा-२ | ३००००० | २३. कमलको घरचोकदेखि बुढाथोकी गाउँ मोटरबाटो ट्र्याक,, बेनपा २ | ३००००० |
| २४. बोहराबेसी खानेपान टयाङ्की निर्माण, बेनपा २ | ५००००० | २४.बोहराबेसी प्रतिक्षालयदेखि गाउँसम्म मोटरबाटो ट्र्याक निर्माण, बेनपा २ | ५००००० |
| २५.बाबुराम दिक्षितको घरदेखि हरितमार्ग जोड्ने अधुरो नाली निर्माण, बेनपा-८ | १००००० | २५.आइतेसार्कीको घर पछाडिको बाटोमा पर्खाल निर्माण, बेनपा८ | १००००० |
| २६. कपुरिश्वर मन्दिरमा शौचालय निर्माण, बेनपा ८ | ४००००० | २६. ठाडोलाइन पुच्छारको खोल्सासंगै बाटो स्तरोन्नति, बेनपा ८ | ४००००० |
| २७. मलामीचोक माथि प्रेम बहादुर अधिकारीको घरतर्फको सडक, बेनपा ८ (नगरस्तरीय) | २००००० | २७.१ कपुरिश्वर चोक होर्डिङ बोर्ड निर्माण, बेनपा ८<br>२७.२ विदाई चौतारा जाने बाटोको अधुरो नाली स्ल्याब निर्माण, बेनपा ८ | १०००००<br>१००००० |
| २८. नारायणस्थानचोक गोविन्द श्रेष्ठको घर अगाडि नाली मर्मत र भित्री बाटो मेत्तर गुरुङको घरसम्म स्तरोन्नति, बेनपा ८ | १७५००० | २८. नारायणस्थानचोकबाट फूलबारी जाने बाटोको नाली मर्मत र स्ल्याब निर्माण, बेनपा ८ | १७५००० |

**निर्णय नं १०: पशु विमा प्रिमियम अनुदानको लागि अपुग रकम सम्बन्धमा ।**

चालु आ.व. २०८०/८१ बार्षिक कार्यक्रम अनुसार पशुसेवा तर्फको पशु विमा प्रिमियम अनुदानको लागि विनियोजित रु. ५ लाख सो कार्यक्रम सञ्चालनको सन्दर्भमा अपुग भएको हुँदा उक्त कार्यक्रमको लागि थप रु.३ लाख दूध उत्पादन प्रोत्साहन कार्यक्रम (प्रदेश राजश्व) शिर्षकबाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं ११: क्षमता विकास योजना निर्माण सम्बन्धमा ।**

चालु आव.मा सम्पन्न हुने गरी बेसीशहर नगरपालिकाको क्षमता विकास योजना निर्माण गर्ने र सो को लागि चालु तर्फको क्षमता विकास कार्यक्रम शिर्षकबाट रु. ५ लाख विनियोजन गर्ने साथै सूचीकृत भएका सेवा प्रदायक संस्थाहरुबाट प्रविधिक र आर्थिक प्रस्ताव माग गर्ने निर्णय गरियो ।

मान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेसीशहर, लमजुङ गण्डकी प्रदेश, नेपाल २०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/११/३०गतेको बैठक

**निर्णय नं १२ : जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास तालिम सम्बन्धमा ।**

नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको लागि सुशासन तथा योजना तर्जुमा सम्बन्धी ३ दिने क्षमता विकास तालिम २०८० चैत मसान्त भित्र सम्पन्न गर्ने साथै यस सम्बन्धी प्रस्तावना स्वीकृत गर्ने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतलाई दिने निर्णय गरियो ।

**निर्णय नं १३ : औद्योगिक ग्रामको आइ.इ.ई.गराउने सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं ९ र ५ मा प्रस्ताव गरिएको औद्योगिक ग्रामको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) वमोजिम कार्य गर्नको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गराउनु पर्ने भएकोले सो कार्यको लागि मिति २०८०/१०/०९ को निर्णयलाई परिमार्जन गरी सेवा र परामर्श सेवा खर्च शिर्षकबाट रु. ५ लाख विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं १४ : खेलकुँद तर्फको बजेट सम्बन्धमा ।**

३१ औं त्रिवेणी कप राष्ट्रव्यापी खुल्ला फुटबल प्रतियोगितामा दोश्रो पुरस्कारको लागि अपुग रु. १ लाख र देवी भैरवी युवा क्लव बेनपा ११ लाई खेलकुँद प्रतियोगिता सञ्चालन वापत भुक्तानी दिइएको रु. ४० हजार मेयर कप खेलकुँद प्रतियोगिता शिर्षकमा बाँकी रहेको बजेटबाट व्यहोरिएको व्यहोरालाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं १५ : बार्षिक परीक्षा सञ्चालन सम्बन्धमा ।**

नगरपालिकाभित्रका विद्यालयहरुको कक्षा ४,५,६,७ र ९ को नगरपालिकास्तरीय परीक्षा सञ्चालनको लागि आवश्यक पर्ने रकम रु. ४ लाख देखिएको हुँदा सो परिक्षा सञ्चालनको लागि शिक्षा तर्फकै आन्तरिक आयतर्फको निरन्तर शिक्षा कार्यक्रमको रु. २ लाख र विद्यालयका किशोरीहरुसंग उपमेयर कार्यक्रमको २ लाख शिर्षकबाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं १६ : गरीवसंग विश्वेश्वर कार्यक्रमको सम्बन्धमा ।**

चालु आ.व.२०८०/८१ को गरीबसंग विश्वेश्वर कार्यक्रमतर्फ प्राप्त बजेटबाट वडा नं १० र २ मा देहायका योजना तथा कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

देहायः

(क) घडेरी गाउँ गोरेटो बाटो सिंडी निर्माण, बेनपा-१० रु.१०००००।- (एक लाख)

(ख) गाउँभाचोक दलित बस्ती गोरटो बाटो सिंडी निर्माण, बेनपा-१० रु.५००००।- (पचास हजार)

(ग) सिर्जनाटारगाउँ (दलितबस्ती) देखि बानिया पँधेरोसम्मको बाटो स्तरोन्नति, बेनपा-२ रु.१५००००।- (एक लाख पचास हजार)

**निर्णय नं १७ : घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धमा ।**

घ वर्गको निर्माण व्यवसायीको इजाजत पत्रका लागि आवश्यक कागजात र प्रकृया पुरा गरी पेश हुन आएको देहायको फर्म/कम्पनीलाई बेसीशहर नगरपालिकाको घ वर्गको इजाजत पत्र सम्बन्धी कार्यविधि २०७४ वमोजिम घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/११/३०गतेको बैठक

**देहाय:**

श्री सनसाईन कन्स्ट्रक्सन, बेसीशहर नपा-२ लमजुङ प्रोपराइटर अप्सरा खड्का धिताल, बेनपा-२

**निर्णय नं १८ : अन्तरपालिका समन्वय बैठकको जानकारी सम्बन्धमा ।**

मिति २०८०/११/१२ मा बेसीशहर नगरपालिका वडा नं १० खासुरमा भएको मर्स्याङ्दी कोरिडोरका ९ वटा पालिकाहरु विचको अन्तरपालिका समन्वय बैठकले गरेका निर्णयहरु यस कार्यपालिका बैठकमा जानकारी भयो ।

**निर्णय नं १९ : बालमैत्री स्थानीय शासन सम्पर्क शाखा/व्यक्ति तोक्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको पञ्जिकरण शाखालाई बालमैत्री स्थानीय शासन सम्पर्क शाखा र सो शाखामा कार्यरत एम.आइ.एस. अपरेटर सुनिल घिमिरेलाई बालमैत्री स्थानीय शासन सम्पर्क व्यक्ति (फोकल पर्सन) को रुपमा तोक्ने निर्णय गरियो ।

**निर्णय नं २०: अध्ययन विदा सम्बन्धमा ।**

बेसीशहर नगरपालिका अन्तर्गत चण्डीस्थान स्वास्थ्य चौकीमा कार्यरत सि.अनमी कुसुम थापा बस्नेतले नर्सिङ विषयमा स्नातक अध्ययनको लागि तलबी अध्ययन विदाको सिफारिश पाउँ भनि कार्यालयमा पेश गरेको निवेदनको सम्बन्धमा नियमानुसार निजको विदा स्वीकृतिको लागि सम्बन्धित निकायमा सिफारिश गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं २१: सिसी क्यामरा मर्मत सम्बन्धमा ।**

बेसीशहर बजार क्षेत्रमा सिसी क्यामेरा मर्मतको लागि सूचना प्रविधि अधिकृतबाट तयार भएको लागत अनुमान वमोजिम रु. ५ लाख विपद् व्यवस्थापन कोषबाट विनियोजन गर्ने साथै यस कार्यलाई तुरुन्त कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

**निर्णय नं २२: विपदमा युवा कार्यक्रम सम्बन्धमा ।**

चालु आ.व.को योजना/कार्यक्रम अन्तर्गत विपदमा युवा कार्यक्रमको लागि विनियोजित रु. २ लाखबाट यस सम्बन्धी कार्यक्रम नगर युवा परिषद मार्फत सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं २३: कार्यपालिका बैठक सम्बन्धमा ।**

नगर कार्यपालिकाको बैठक विशेष परिस्थितिमा बाहेक प्रत्येक महिनाको १० र २५ गते गर्ने, यदि उक्त दिनहरुमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट बस्ने निर्णय गरियो ।

**ुमान सिंह अर्याल**
नगर प्रमुख